नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## मोवाइल फुड ल्याव भ्यानको प्रयोग गरी चाडपर्व लक्षित मिति २०८१/०७/०७ मा गरिएको खाद्य बजार निरीक्षण अनुगमन सम्वन्धी विवरण

यस विभागबाट मिति २०८१ कार्तिक ०७ गते काठमाडौं उपत्यका भित्र मोवाइल फुड ल्याव भ्यानको प्रयोग गरी चाडपर्व लक्षित खाद्य पदार्थहरुको नियमित निरीक्षण अनुगमनका लागि टोली खटाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम निम्न खाद्य व्यवसायहरुको निरीक्षण अनुगमन, खाद्य पदार्थको नमूनाको प्रारम्भिक चेकजाँच तथा कारबाही गरिएको व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि अनुरोध छ।

| क्र.स. | अनुगमन गरिएकोखाद्य व्यवसायको नाम तथा ठेगाना | स्थलगत अवस्था | मोवाइल फुड ल्यावमा गरिएको प्रारम्भिक नमूना चेकजाँच सम्बन्धी विवरण | कैफियत/कारवाही |
|---|---|---|---|---|
| १ | गोल्मेशर दुध डेरी, मध्यपुर थिमी - ०५, संग्राम कोलोनी | खरिद विलमा सर्टेनिङ्ग बटर उल्लेख गरिएको लेवल विवरण नलगाई विक्रीवितरणको लागि भण्डारण गरि राखेको २०० ग्रा. का १०० पिस बटर फ्रिजरमा भण्डारण गरेको पाइएको। | प्रशोधित दुध तथा घ्यूको नमुना चेकजाँच गरिएको। | उल्लेखित २० के जी सर्टेनिङ्ग बटरलाई बटर भनी विक्रीवितरण गर्न भण्डारण गरेको बटरको गुणस्तरमा शंकास्पद भएको हुँदा जफत गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम अनुसन्धान तथा कारवाही अगाडी बढाएको। |
| २ | द बर्गर हाउस एण्ड क्रंची फ्राईड चिकेन, मध्यपुर थिमी-०९, भक्तपुर | लेवल विवरण उल्लेख नभएको स्लाइस्द चिज ३ प्याकेट र उपभोग्य मिति समाप्त भएको जय शम्भु दुग्ध उद्योग प्रा.लि., भक्तपुरबाट उत्पादित एनी टाइम ब्रान्डको ५०० मि.लि.,को प्रशोधित दूध | तार्न प्रयोग गरेको तेल, प्रशोधित पिउने पानी, घ्यू तथा प्रशोधित दूधको नमुना चेकजाँच गर्दा तार्ने तेलमा कैफियत पाईएको। | परिक्षणमा कैफियत पाईएको करिब १५ लि. तेल र सोहि तेलमा तारेको २४ पिस चिकेन, लेवल विवरण उल्लेख नभएको स्लाइस्द चिज ३ प्याकेट र उपभोग्य मिति समाप्त भएको प्रशोधित दूध ९ प्याकेट दूध नष्ट गरी खाद्य स्वच्छता तथा गुणस्तर |

| | | | | |
|---|---|---|---|---|
| | | ९ प्याकेट फ्रिजमा भण्डारण गरि राखेको पाईएको। पेस्ट कन्ट्रोल र सरसफाई सन्तोषजनक नरहेको । | | ऐन, २०८१ बमोजिम कारवाही प्रकृया अगाडी बढाएको। |
| ३ | राधे राधे स्विट्स मध्यपुर थिमी-०९, भक्तपुर | सरसफाई तथा भण्डारण सन्तोषजनक रहेको । | प्रशोधित पिउने पानी, प्रशोधित दुध, घ्यू, तार्न प्रयोग गरेको तेल, पेडा र रसमलाईको नमुनाहरु चेकजाँच गर्दा कैफियत नपाईएको। | - |
| ४ | नेपाल विर्यानी, मध्यपुर थिमी-०९, भक्तपुर | सरसफाई सामान्य रहेको। | - | पूर्ण लेवल विवरण नभएका खाद्य पदार्थ प्रयोग नगर्न निर्देशन दिएको। |

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल
मितिः २०८१/०७/०७